# प्रदेश सभा

## गण्डकी प्रदेश

## पाँचौ अधिवेशन

## कार्यवाहीको सम्पूर्ण विवरण

## (नवौं बैठक)

## मिति : २०७६/१०/१४ गते दिनको१२.४१ बजे

आज मिती २०७६/१०/१४ गते दिनको ठिक१२.४१ बजे गण्डकी प्रदेश , प्रदेश सभाको पाँचौ अधिवेशनको नवौं बैठक माननीय सभामुख श्री नेत्रनाथ अधिकारी ज्युको अध्यक्षतामा प्रारररम्भ भयो।

**माननीय सभामुख** – माननीय सदस्यहरु, आजको बैठकको कार्यावाही प्रारम्भ हुन्छ ।माननीय सदस्यहरु सर्वप्रथम शून्य समय प्रारम्भ हुन्छ। शून्य समयमा बोल्न चाहानु हुने माननीय सदस्यहरुको लागि १ मिनेटको समय निर्धारण गरेको छु। निर्धारित समय भित्र माननीय सदस्यहरुले आ -आफ्नो भनाई राख्नुहुन अनुरोध गर्दछु । माननीय पुष्पा के.सी. भण्डारी, कास्की ।

**माननीय सदस्य श्री पुष्पा के.सी.भण्डारी –**धन्यवाद सभामुख महोदय, माननीय सभामुख महोदय, गण्डकी प्रदेशको पर्यटन क्षेत्रमा होमस्टे स्थापित हुँदै जान लागेको अवस्थामा त्यसलाई राम्ररी डकुमेण्टेशन गरि एउटा विवरण पनि आएको कुरा अत्यन्त सुन्दर पाटो हो। तर त्यति हुँदा हुँदै पनि त्यो दस्तावेज सबै जनाको हातमा पुग्न समय लाग्न सक्ने र नपुग्न पनि सक्छ। त्यसका लागि हरेक इच्छुक नागरिकले हेर्न सक्ने र चाहेको वेलामा डेस्टिनेसन वारे जानकारी लिन सक्ने गरि एपको डेभलप गरि इन्टरनेटमा राखी सर्वसुलभ गराउनु हुन सके धेरै उपयोगी हुने थियो। र हाम्रो पर्यटन र होमस्टे धेरै मौलाउन सक्ने थियो भन्ने सुझाब राख्न चाहान्छु। धन्यबाद ।

**माननीय सभामुख**-माननीय प्रकाशचन्द्र दवाडी, गोर्खा ।

**माननीय श्री प्रकाशचन्द्र दवाडी**- सभामुख महोदय, सिरानचोक गाँउपालिका वडानं ६ अन्तर्गतको नयाँसागु बाट निविल सम्मको बाटो विचमा माथी पनि पिच भैसक्यो तल पनि भैसक्यो त्यो विचमा नागार्जुङ कम्पनीले वेवारिसि अवस्थामा वनाएर राखेको र मध्य पहाडी मार्गको नाम लिने तर त्यो काम अहिले सम्म भएको छैन। यसलाइ तुरुन्त सभामुख मार्फत सरकारलाई ध्यानाकर्षण गराउन चाहान्छु। त्यस्तै वारपाक गाँउपालिका सुलिकोट वडानं २ मान्द्रेमा अहिलेसम्म एक घर एक धाराको कुरा आइरहेछ। सवैको मुखमा छ तर अहिलेसम्म खानेपानी नभएर अभावले त्यहाँका जनताहरु पिडित छन त्यसको पनि ध्यानाकर्षण गराँउछु ।गण्डकी प्रदेश आउने राजधानीको वाटो त्यो बाटो हामीलाइ आउँदा संधै हामीलाई धेरै अप्ठायारो भएको छ। सवै माननीय सबै मन्त्रीज्यूहरु हिंडनु भएको छ। त्यो बाटोलाइ तुरुन्त सुचारु गरेर तुरुन्त त्यो वाटो खौला खौलि मात्रै पुर्न पाए पनि सवैलाइ सहज हुन्थ्यो भन्ने मलाइ लागेको छ।सभामुख मार्फत सरकारलाइ ध्यानाकर्षण गराउँछु। धन्यवाद, जय नेपाल ।

**माननीय सभामुख**-माननीय मणिभद्र शर्मा, बाग्लुङ ।

**माननीय श्री मणिभद्र शर्मा –**माननीय सभामुख महोदय, हामी भन्ने वेलामा समाजवाद उन्मुख भन्छौं, गरिवका कुरा गर्छौं। आज घातक रोगबाट पिडीत मृगौला रोगीहरु, मुटु रोगीहरुको विचल्ली भैरहेको छ। एउटा मृगौला रोगीले डायलसिस गर्नु पूर्व रगत अलिकति ब्यालेन्स गर्नलाइ दिन पर्ने इन्जेक्सन सुलभ रुपमा पाउन त धेरै सहज रुपमा उपलब्ध त छैन छैन मूल्य कस्तो रहेछ भने पोखरामा एउटा इन्जेक्सनको अठार सय काठमाण्डौ गयो भने तेह्र सय चौधसय र इण्डियाबाट झिकायो भने सात सयमा पाउने व्यवस्था रहेछ। अव यहाँ उपचार गर्ने विरामीहरुले इन्डियाबाट त्यो औषधि झिकाउने र उपचार गर्न सक्छन की सक्तैनन त्यो हैसियत राख्छन की राख्दैनन त्यो हामीले सोचे जस्तो लोक कल्याणकारी प्रणाली हामीले

मेण्टेन्स गर्न सकेउ कि सकेनौं, खोज्यौं कि खोजेनौं यो परिस्थिति अहिले पिडितहरुले भोगिराखेका छन । मुटु रोगीहरुको पनि अवस्था त्यही नै छ र अरु घातक रोगिको पनि दयनिय हालत छ। यस तर्फ सरकारको ध्यानाकर्षित होस भनेर माननीय सभामुख मार्फत अनुरोध गर्दछु । धन्यबाद । जय नेपाल ।

**माननीय सभामुख**-माननीय शरिता गुरङ, तनँहु ।

**माननीय सरिता गुरङ –**माननीय सभामुख ज्यू, तनँहु जिल्ला वन्दीपुर गाँउपालिका वडा नं४ लोहिमा २०७६ साल दश तेह्र गते करिब साँझ छ बजे गाँउको भोज खाएर घर फर्किदै गर्ने क्रममा लोहि भन्ने ठाँउमा आमा पविता सँग फर्किराखेको एघार वर्षको वालकलाई बाघले आक्रमण गरि मृत्यु भएको छ।र विगत दुई वर्ष भित्रमा तनँहु जिल्लामा नौं जना बालबालिकाको बाघको आक्रमणबाट मृत्यू भैसकेको र तनँहु जिल्लाको भानु नगरपालिका, व्यास नगरपालिका,शुक्लागण्डकी नगरपालिका र आबुखैरेनी गाँउपालिका र वन्दीपुर गाँउपालिकामा बाघको आतंक बढिराखेको छ र त्यसको रोकथामको लागि प्रयास भैरहँदा रहँदै पनि यसलाई रोकथाम गर्न सकिराखेको छैन। यसको कडाका साथ रोकथाम होस् भनि प्रदेश सरकारलाई अनुरोध गर्दछु। साथै मृतक बालकको परिवारलाइ क्षतिपुर्तिको पनि अनुरोध गर्दछु । धन्यवाद, जय नेपाल ।

**माननीय सभामुख**-माननीय सदस्यहरु, शून्य समयमा बोल्ने माननीय सदस्यहरुको बोल्ने क्रम यहीं समाप्त हुन्छ। माननीय सदस्यहरु अब बिषेश समय प्रारम्भ हुन्छ। निर्धारित समय भित्र माननीय सदस्यहरुले आ-आफ्नो स्थानबाट आफ्नो भनाईहरु राख्नु हुन अनुरोध गर्दछु । सर्वप्रथम माननीय सदस्य श्री रोशन गाहा मगर। समय १० मिनेट ।

**माननीय सदस्य श्री रोशन गाहा मगर-** माननीय सभामुख ज्यू, गण्डकी प्रदेशको सबैभन्दा कान्छो जिल्ला नवलपुर। नवलपुर जिल्लामा चारवटा नगरपालिका,चारवटा गाँउपालिका

मध्ये सबैभन्दा पहाडी एरियाले ओगटेको हुक्सेकोट गाँउपालिका रहेको छ। जहाँ आदिवासी जनजाति मगरको मात्र बाहुल्यता रहेको वस्ती हो। र त्यहाँ बसोबास गर्ने दाजुभाई दिदिवैनिहरुको लोसेप पाखा खोरिया खेतीपाती गरेर बर्ष दिनसम्म काम गरेर छ महिना खान नपुग्ने त्यो अवस्थामा बसोबास गर्ने त्यहाँ बस्तीका दाजुभाई दिदिबैनिहरु हुनुहुन्छ। र त्यहाँ बस्दै आएका एकजना दिप गाहा मगर भविष्यमा मैले केहि गर्न सक्छु केहि गर्छु भन्ने उद्देश्यका साथ एउटा सपना बोकेर त्यो दुर्गम पहाडी ठाँउबाट हुक्सेकोट गाँउपालिकाकै सदरमुकाम झ्यालवास वजारमा आमा छोरा डेरा गरेर बसिरहेको अवस्थामा मिति दुईहजार माघ सात गते हुक्सीकोट गाँउपालिका सरकारी गाडि ग १झ ३८९ नं को गाडीले करिब दिनको ४.४५बजेको समयमा ड्राइभरले सम्वन्धित ठाँउमा छोडिसकेको गाडीलाइ पनि हुक्सीकोट गाँउपालिकाकै प्रशासकीय शाखा अधिकृत शिब सुवेदीले चलाएको प्रत्यक्षदर्शीहरुले देख्नु भएको छ। र आमा छोरा एकै ठाँउमा रहि रहँदाको अवस्थामा त्यो गाडिले दिप गाहा मगरलाइ घटनास्थलमै  किचेर मृत्यू भयो र आमा मिना गाहा लगायत चार जनालाइ दिप गाहा पछि सख्त घाईते वनाएको छ र तिन जना उपचार गरेर आइसकेपछि १ जना भरतपुर अस्पतालमा आजै  ट्रिटमेन्ट गर्न नसके पछि काठमाण्डौ हस्पिटलमा ट्रिटमेण्ट गरिरहेको अवस्था छ। अझ एकजनाको मृत्यू भयो चारजनालाइ सख्त घाइते वनाँउदै त्यो गाडी अझै नरोकिएर एकजना भुवनसिंह भन्नेको घरमा समेत त्यसले क्षति पुर्याएको छ । र त्यहाँको आम वासीले मृतकलाइ क्षतिपूर्ति र घाइतेलाइ उपचार र जो दोषी हो त्यसलाइ छानविन गरेर माग गरिरहेको अवस्थामा जसले ड्राइभिङ गर्‍यो।  त्यसको लाइसेन्स छ कि छैन जसले ड्राइभिङ गरीरहेको छ। उसले ड्राइभिङ सिक्दै हो कि,उ सिकारु हो कि,उल्ले पहिलो पटक सिक्दै हो कि यसको छानविनको माग गरिरहेको अवस्थामा आज सवै वडामा तालाबन्दी थियो। सेवाग्राहीलाइ सेवा पुर्याउने उद्देश्यले ति सवै तालाहरु खोलिएको छ तर प्रतिपक्षका माननीयजीले अव त्यहाँ गाँउपालिकाका अध्यक्ष जाँदा त्यहाँ गालीगलौज , दुर्व्यवहार भयो, त्यहाँ थुक्ने काम भयो, पुत्ला जलाउने काम भयो भन्ने कुरा यो सरासर झुट कुरा हो। जसको मृत्यू भएको छ, जसलाई घाइते भएको छ, जसको घरमा क्षति भएको छ। अहिले सम्म

छानविन हुन सकेको छैन। यदि निर्दोष गल्ती छैन भने आज फरार लुक्न किन पर्यो,लुकाउन किन पर्यो? त्यसो भएको हुनाले आजको दिनसम्म त्यो दिनमा घटनामा घटेको लासको पोष्टमार्टम पनि भएको छैन, दाहसंस्कार पनि भएको छैन। त्यसो भएर तुरुन्त अव यसको सहि छानविन सहित दोषीलाइ कानुनी कारबाहिको दायरामा ल्याउने र मृतकलाइ क्षतिपूर्ति दिने र घाइतेहरुलाइ स्वास्थ्यको उपचार गर्ने कुरामा सभामुख मार्फत म सरकार सँग माग गर्न चाहान्छु। धन्यबाद ।

**माननीय सभामुख** –माननीय सदस्य, श्री भागवत प्रसाद मल्ल समय ८ मिनेट ।

**माननीय सदस्य श्री भागवत प्रसाद मल्ल** –माननीय सभामुख महोदय, आर्थिक वर्ष ७६/७७ को वजेट आयो। बजेटमा योजनाका नाम पनि किटान भए । सम्पन्न हुने कुरामा हामी ढुक्क पनि थियौं । किनकि प्रदेश सरकार र सम्वन्धित माननीय मन्त्रीज्यूले दुई वर्ष भित्र खानेपानी सतहत्तर साल अषाढ मसान्तसम्म खानेपानी जनतालाई खुवाउने कुरा पुरा गर्छौं भन्ने प्रतिवद्धता पनि थियो। तर प्रदेश सभाको बैठकमा र सार्वजनिक कार्यक्रममा प्रदेश सरकारले गर्छ भन्ने कुरा बोलेर मात्र सम्पन्न भएको छ। व्यवहारमा कत्ति पनि काम भएको छैन। माननीय सभामुख महोदय, मैले स्याङ्जा जिल्ला भित्रको खानेपानी योजनाको मात्र कुरा राख्न चाहान्छु । केन्द्रको शसर्त योजना बजेट बिहिन छन। र यो कसरी संचालन गर्ने के गर्ने भन्ने अहिले सम्म टुंगोमा छैन त्यस्तै सशर्त बजेट भध्ये गत बर्षको निर्माण कार्य गरेको भुक्तानी अहिले सम्म दिइएको छैन। के कारणले दिएको छैन किन दिइएको छैन यसमा पनि स्पष्ट हुन जरुरी छ। त्यस्तै यस आर्थिक वर्षको योजना कुनै पनि अहिले सम्म शुरु गरिएको छैन। यसलाइ पनि अहिले सम्म ढिला गर्नुको कारण के हो ? यो खानेपानी सम्वन्धी यसलाइ पनि जानकारी पाउन म अनुरोध गर्दछु। त्यस्तै प्रदेश सरकारले यो आधारभुत खानेपानी आयोजना अगाढी वढाएको थियो। यो पनि हालसम्म कहाँ पुगेको छ। त्यसको पनि अत्तो पत्तो छैन। त्यसैले माननीय सभामुख महोदय, आर्थिक बर्ष ७६/७७ अषाढ मसान्त सम्म यो

अब यो पाँच महिना आउन  बाँकी छ तर निर्माण कार्य गर्न तिन महिना मात्र समय छ हामी  सँग त्यसैले यो कार्य पुरा गर्न सकिने देखिएको छैन। त्यसैले माननीय सभामुख मार्फत यस प्रदेश सरकारलाई सवै विषयमा गम्भीर ध्यान जाओस भन्दै प्रदेश सरकार  र सम्वन्धित मन्त्रालयले यसको छिटो भन्दा  छिटो यसलाई अगाढि बढाउन लानु हुनेछ भन्ने कुरा राख्दै विदा हुन्छु। हवस त धन्यवाद, जय नेपाल ।

**माननीय सभामुख** –माननीय सदस्य, श्री पियारी थापा समय ५ मिनेट।

**माननीय सदस्य श्री पियारी थापा** –माननीय सभामुख महोदय, नेपालको संविधान २०७२को धारा ३८ को ४ मा राज्यको सवै निकायमा महिलाहरुलाइ समानुपातिक, समावेशी सिद्धान्तको आधारमा सहभागिता हुने हक छ भनेर हामीले संविधान त हामीले त्यो व्यवस्था गरेका छौं।तर गण्डकी प्रदेश सरकारले उक्त कुराको उल्लंघन गरेको छ।राज्यव्यवस्था परिवर्तनका गर्नका लागि महिलाहरुको शसक्त सहभागिता रह्यो फलस्वरुप संबिधानमा त्यसको व्यवस्था भयो। तर संबिधानमा व्यवस्था भएको महिलाहरुको हकलाई कुण्ठित गरिएको छ।उक्त विषयमा हाम्रो गम्भिर ध्यानाकर्षण भएको छ।  यो हामीलाइ आशा थियो, नेतृत्व तह कार्यकारिणी तहमा महिलाको सहभागिता हुन्छ होला भन्ने विषयमा ढुक्क थियौं तर प्रदेश सभा र सरकार गठन भएको आज दुई वर्ष वितिसक्दा पनि सरकार तथा अन्य निकायमा महिलाहरुको नेतृत्वदायी भुमिका दिन सकिएको छैन।यसले महिलाहरुको कार्यकुशलतालाई उपेक्षा गरेको आभास भएको छ।सरकारमा महिलाहरुको एक सहभागिता छ, यो राम्रो कुरा हो तर कानुन सम्मत सहभागिताको हिसाबले महिलाको हकलाइ उल्लंघन भएको छ।  समितिको सभापति सबै पुरुषहरु छन।यति भनिरहँदा म महिलावादी मात्र हैन निरपेक्ष रुपमा महिलाको विषय मात्र उठाएको होइन।वाध्यकारी अवस्थामा मात्र महिलाहरुको सहभागिता के यहि हो त महिलाहरुको आज सम्मको योगदानको कदर तसर्थ आजको सभाबाट प्रदेश सरकारलाइ गम्भीर ध्यानाकर्षण गराउन

चाहान्छु कि महिलाहरुको कार्यकुशलताको उपेक्षा नगरियोस महिलाहरुको सहभागिताको सम्वन्धी हकलाइ यथासिघ्र लागू गरियोस भनि आजको सभा मार्फत म जोडदार माग गर्न चाहान्छु। धन्यबाद ।

**माननीय सभामुख** –माननीय सदस्य, धनमाया लामा पोखरेल। समय ५ मिनेट।

**माननीय सदस्य धनमाया लामा पोखरेल** –माननीय सभामुख महोदय, सडक विभागबाट निर्माणाधिन चार तथा गण्डकी प्रदेश अन्तर्गतको पुर्वाधार विकास कार्यालयबाट निर्माणाधिन चार पुल गरि गोर्खा जिल्लामा आठवटा पुलहरु अलपत्र अवस्थामा रहेको जानकारी गराउन चाहान्छु। माननीय सभामुख महोदय,२०७० सालको अषाढ मसान्त भित्र निर्माण सम्पन्न गर्ने गरी २०६९ सालको अषारमा सझौंता गरिएको सोति खोला पुलको अहिलेसम्म जम्मा वयालिस प्रतिशत मात्र काम भएको र दुइ करोड छत्तिस लाखमा उक्त पुल निर्माण गर्न रायमाझी ईशान जेवि निर्माण कम्पनी सँग सझौंता भएको थियो र एक करोड रुपैयाँ भुक्तानी लिइसकेको अवस्था छ। त्यस्तै इनकाइ गोर्खा जेविले निर्माण सुरु गरेको अजुवा खोला पुलको २०७४ सालमा सझौंता भएको पुलको हालसम्मको कार्यप्रगति पचास प्रतिशत रहेको छ। प्रदेश अन्तर्गतको पुर्वाधार विकास कार्यालय लमजुङ्ले २०७३ सालमा निर्माण शुरु गरेको दश किलो स्थित दरौंदि खोला पुल धन थान एभेन्जर कम्पनी प्रा.लि.ले जिम्मा लिएको तिन वर्षमा जम्मा पच्चीस प्रतिशत मात्र कार्य भएको छ। त्यस्तै गरी लुधिखोला पुलको निर्माण अवधि समाप्त हुँदा सम्म चालिस प्रतिशत मात्र काम भएको छ। उक्त पुल निलगिरी अधिकारी जेविले २०७४ सालमा निर्माणको शुरुवात गरेको थियो। त्यस्तै लकाम खोला पुल गत असोजमा निर्माण सम्पन्न भइसक्नु पर्नेमा साठी प्रतिशत मात्र काम भएको अवस्था छ। बढहरे खोला पुलको तिस प्रतिशत भन्दा माथि काम हुन सकेको छैन। त्यस्तै चेपे नदीको पुल म्याद थपको सूचना आइराखेको छ भने त्रिशुली नदी पुलको कार्य प्रगति शुन्य रहेको अवस्था छ। जसको निर्माणको जिम्मा श्री पप्पु कन्सट्रक्सनले लिएको थियो। माननीय सभामुख

महोदय, ठेकेदारले निर्माणको जिम्मा लिइ निर्धारित समय भित्र काम सम्पन्न नगर्ने र राजनैतिक संरक्षणको आडमा पटक पटक म्याद थप्दै जाने विकास निर्माणले गति लिन नसकिरहेको अवस्था छ। सुशासन कायम रहन नसकेको अवस्थामा समयमै कार्य सम्पन्न नगर्ने ठेकेदारहरु र सम्बन्धित कम्पनीलाई कानुनी दायरामा ल्याई फास्ट ट्र्याकबाट कार्य सम्पन्न गर्न आम जनसमुदायलाइ कानुनी राज्यको प्रत्याभुति दिलाउन सभामुख मार्फत प्रदेश सरकार र नेपाल सरकारलाइ म हार्दिक अनुरोध गर्दछु। माननीय सभामुख महोदय, मैले यो विषयहरु गोर्खा जिल्लाको विकास निर्माणको विषयमा पटक पटक सदनमा कुरा राखिरहँदा सम्वन्धित मन्त्री ज्युवाट ठाडो जवाफ के आयो भने यो चाँहि संघको कार्यक्रम हो। त्यो भुगोल हाम्रो हो त्यसको जवाफले मलाइ चित्त बुझेको छैन र आगामी दिनमा त्यसको तथ्यगत रिपोर्ट सहितको र कार्य प्रगति सहितको जानकारी मन्त्रीज्यूवाट आओस भन्ने मेरो ध्यानाकर्षण गराउन चाहान्छु। हवस त धन्यबाद ।

**माननीय सभामुख** –माननीय सदस्य, श्री ओमकला गौतम। समय ७ मिनेट।

**माननीय सदस्य, ओमकला गौतम** –माननीय सभामुख महोदय, म यो गरिमामय सभामा दोहोरी खेल्न त चाँहदैन थिए तर पनि यहाँ प्रश्न उठिसकेपछि यो दोहोरि खेल्ने थलो पनि होइन। यो गरिमामय सभामा मैले आँफूले प्रष्ट बुझेका, देखेका, जानेका कुराहरुलाइ राख्ने अनुमति चाहान्छु। माननीय सभामुख महोदय, मैले भर्खर मात्र सुने लक्ष्मी पाण्डे गाँउपालिकाका प्रमुखलाइ कुटेको, पिटेको, थुकेको कुरा झुटो हो भन्ने मैले सुने माननीय सभामुख महोदय, म आँफै त्यहाँ प्रत्यक्ष रुपमा छु। त्यहाँ सयौं जनता छन,त्यहाँ प्रहरी छ, प्रहरीको घेरा भित्र पिटिएको छ। लक्ष्मी पाण्डे गाँउपालिकाका प्रमुख लक्ष्मी पाण्डेले जाहेरि किटान सहित त्यहाँ प्रशासन कार्यालयमा कारवाही गरि पाँउ मलाइ हातपात गर्ने, गालि बेइज्जती गर्ने र कुटपिट गर्नेलाइ कानुनी दायरामा ल्याएर कारबाहि गरि पाँउ भनि प्रशासनमा निवेदन समेत दिएको अवस्थामा माननीय सभामुख महोदय यो गरिमामय सभालाई गुमराहमा

राख्नको निम्ति मैले हिजो प्रस्तुत गरेका विषयवस्तुलाइ प्रतिपक्षको माननीयजीले झुटा कुरा वोल्नु भयो भन्ने अभिव्यक्ति प्रति मेरो आपत्ति छ। माननीय सभामुख महोदय, जुलुसको माझमा एउटा गाँउपालिकाको प्रमुख त्यहाँ जनताको माझमा गएको छ। एउटा राज्य छ। लाइसेन्स कसको छ कि छैन गाडी कोले चलाएको छ कि छैन छानविन गर्ने निकाय छ त्यसमा छानविन गरियोस त्यो मृतक बालकलाई पुन श्रद्धान्जली अर्पण गर्न चाहान्छु। क्षतिपुर्ति दिनुपर्छ र घाइतेको उपचार गर्नु पर्छ र घाइतेलाइ पनि भरतपुर अस्पतालमा अप्रेशन गर्दा त्यहाँ मेरुदण्डको समस्याको कारणले फेरि भरतपुर अस्पतालमा अप्रेशन गर्दा साच्चै राम्रो उपचार पाँउदैन कि भनेर गाँउपालिकाको प्रमुख र म आँफू समेत उपस्थित भएर यसलाइ कुन ठाँउमा लाँदा राम्रो उपचार हुन्छ भनेर भन्दा मेडासिटि अस्पतालमा लाँदा राम्रो हुन्छ भनेर विरामीको आफन्तले भन्दा हामीले तपाइको उपचार जहाँ गएर हुन्छ तपाई सुरक्षित रहुनुपर्छ, उपचार हुनुपर्छ भनेर काठमाण्डौ हामीले नै पठाएको। सभामुख महोदय, म आँफु एउटा जिम्मेवार जनप्रतिनिधीको हैसियतले म पनि त्यो विरामीलाइ उपचार गर्ने क्रममा र त्यहाँ घाइतेलाइ उपचार राम्रो ठाँउमा लैजान पर्छ भन्ने क्रममा म आँफु पनि सँलग्न छु र घटना घट्न हुँदैन्थ्यो । यो अत्यन्तै दुखनिय घट्ना हो। दुखदायी छ जसले घट्ना घटाएको छ त्यसलाई कारबाहि गर्नुपर्छ। त्यसमा दुइ मत छैन म पनि छानविन समिति गठन होस भनेर यो गरिमामय सभामा माग गर्न चाहान्छु। तर घट्ना एउटाले घटाएको छ। गाडि उपप्रमुखले चढने गाडी छ। त्यहाँ उपप्रमुखले चढ्नुहुन्छ। उपप्रमुखलाई छोडेर आएको गाडी छ। कुन ड्राइभरले चलायो, उहाँलाइ कतिवेला छोडयो त्यो उपप्रमुखले जान्ने हो। त्यहाँ प्रमुखको के हात थियो। के संलग्नता थियो के राजनैतिक दल फरक भएर हो सभामुख महोदय, यो गरिमामय सभामा म यसको जवाफ चाहान्छु । मैले यो कुरालाई हिजो सान्दर्भिक रुपमा राखेको थिए। एउटा महिला गाँउपालिकाको प्रमुख त्यहि पनि फरक दलको भएको भएर के बल मिच्चाइ गर्न खोजिएको हो। आज उहाँको टाउकोमा चोट परेको कारणले प्रमुख ज्यू पनि सिटि स्कायनको निम्ती उपचारको निम्ती काठमाण्डौ जानु भएको छ। सभामुख महोदय यदि यो कुरा झुटो हो भने सामाजिक संजालमा, फेसवुकमा सबैले देख्न सकिन्छ। किन

गाउपालिकाको प्रमुखलाइ पिटियो भनेर सामाजिक संजालमा कसैले कमेन्टमा भन्दा फेरि त्यही सामाजिक संजाल मार्फत पिटनु पर्ने कारण छ भनेर लेखिएका छन सिडि तयार हुदैछ यसको, सभामुख महोदय त्यहाँको माहोल त्यहाँको स्थिती त्यँहाको दुर्व्यवहार त्यहाँ को को कुन कुन दलका कार्यकर्ता हुन अथवा स्वतन्त्र  व्यक्ति हुन त्यो छानविन समिति गठन गर्न मैले पनि माग गर्न चाहान्छु । त्यहाको स्थिती के छ भनेर जस जसले गल्ती गरेको छ । त्यसैले दोषि प्रमाण छोडे जस्तै उहि तत्वबाट सामाजिक संजाल मार्फत फेसवुक मार्फत प्रष्ट रुपमा हामीले सुन्न र बुझ्न सकिन्छ  सभामुख महोदय, त्यसैले जुन हिजो राखिएका कुरा झुटा छैनन मलाई त अचम्म लाग्यो मेरै जिल्लाको माननीय सदस्य ज्यू मेरो आदरणीय मित्र मैले दाई पनि भन्छु उहाँलाई उहाँलाई समेत स्पोटमा जाँउ दाई त्यहाँ यस्तो भयो तपाई हामी भएर  त्यो समस्याको समाधान गर्नु पर्छ घट्ना घट्यो जाँउ भनेर मैले फोन गरेको छु कि छैन यो झुटो हो भने मेरो र उहाँको कतिपटक त्यो दिन फोनमा कुरा भएको थियो त्यो कल डिटेलबाट लिन सकिन्छ । सभामुख महोदय त्यति मात्रै हैन । गाउपालिकाको प्रमुखले प्रशासनलाई समेत मैले पिटाइ खाईसके भनेर फोन गरेको रेकड होला त्यो समेत निकाल्न सकिन्छ । सभामुख महोदय स्वयंम पिटाइ खाएको स्वयंम पिटेको कुरालाई प्रहरी प्रमुख र प्रशासन प्रमुखले समेत स्विकारेको कुरा मेरो चाँहि माननीय सहकर्मी मित्रले माननीय ज्यूले आजको यस गरिमामय सभामा झुट भनेर लगाएको कुरा प्रति मेरो आपत्ति छ । त्यस घट्नाको सत्य र तथ्य छानविन गरि दोषिलाइ कारबाही गरि दोषी दुई तरहका छन एउटा त ड्राइभरले बच्चा मार्यो अत्यन्तै दुखदायि घट्ना छ त्यो प्रति म गम्भीर छु । र अर्को गाँउपालिकाको प्रमुखले पिटाइ खानु भनेको सभामुख महोदय यो प्रदेशको मुख्यमन्त्रीले पिटाइ खाए सरह हो । यो राज्यको प्रधानमन्त्रीले पिटाइ खाए सरह हो । त्यो पनि सरकार प्रमुख हो । उनले पिटाइ किन खाए त सभामुख महोदय आज एउटा सरकार प्रमुख त्यहाँ चाहि सुरक्षित छैन भने यो मुलुकमा को सुरक्षित हुने सभामुख महोदय त्यो पनि यसको छानविन होस भन्ने मैले जोडदार माग राख्न चाहान्छु । धन्यवाद,जय नेपाल ।

**माननीय सभामुख**-माननीय सदस्यहरु, विषेश समयमा बोल्ने माननीय सदस्यहरुको क्रम यहि समाप्त हुन्छ। माननीय सदस्यहरु अव म माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङ्लाइ विभिन्न मितिका सभाका बैठकमा शून्य समयमा र विषेश समयमा माननीय सदस्यहरुले उठाउनु भएका आफ्नो मन्त्रालयसँग सम्वन्धित विषयलाइ सम्वोधन गर्न अनुमति दिन्छु।

**माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङ** –माननीय सभामुख महोदय, पाचौं अधिवेशनको शून्य तथा विषेश समयमा आर्थिक मामिला तथा योजना मन्त्रालय सँग सम्वन्धित विषयमा माननीय सदस्य ज्यूहरुले उठाउनु भएका सवालहरुको जवाफ सम्मानित सदनमा प्रस्तुत गर्ने अनुमति चाहान्छु । माननीय बिन्दु कुमार थापा उहाँले कोही सांसदले दुइ करोडका योजना छान्न पाउने कोही सांसदले पचास लाखका योजना मात्र छान्न पाउने विभेद किन गरियो भनेर उहाँले प्रश्न राख्नु भएको छ। निर्वाचन क्षेत्र पर्वाधार विकास कार्यक्रम निर्वाचन क्षेत्रलाइ आधार मानी विनियोजन गरिएको बजेट हो। यस्तो बजेट सम्वन्धित निर्वाचन क्षेत्र भित्र माग र आवश्यकताका आधारमा आयोजना र कार्यक्रम प्रस्ताब तथा छनौट गर्ने कार्यविधिका आधारमा समानुपातिक रुपमा सवै निर्वाचन क्षेत्रलाइ बराबर रु दुई करोड बिनियोजन गरिएको म जानकारी गराउन चाहान्छु। माननीय कृष्णचन्द्र नेपाली उहाँले नारायणी नदी तटवन्धनको लागि आवश्यक बजेटको व्यवस्था गरियोस भनेर भन्नु भएको छ र गण्डकी प्रदेश सरकार र संघीय सरकारको समन्वयमा नारायणी नदीको प्रतिवेदन तयारी भइरहेको छ। प्रतिवेदन तयारी गर्ने अन्तिम म्याद २०७६ साल फागुन मसान्त सम्म रहेको तुरुन्त सवै सरोकारवालाहरुको उपस्थितीमा प्रस्तुत गरि प्रतिवेदनलाई अन्तिम रुप दिइने कुरा पनि म जानकारी गराउन चाहान्छु र अब अर्को उहाँको सवाल छ। चालु आर्थिक वर्षको हालसम्मको खर्चको अवस्था हेर्दा चालु खर्च सात दशमलब एक सात प्रतिशत र पुँजिगत खर्च तर्फ नौ दशमलब छ, सात प्रतिशत मात्र भएकोले बजेटले निर्दिष्ट गरेका लक्ष्य हासिल गर्न नसक्ने स्थिति देखियो भनेर उहाँले प्रश्न गर्नु भएको छ। हालसम्मको खर्चको अवस्था हेर्दा

चालु वर्षको वजेटले लिएको लक्ष्य पुरा हुने देखिन्छ। गत आर्थिक वर्षमा अर्धवार्षिक अवधिमा करिव चार प्रतिशत मात्र खर्च भएकोमा चालु आर्थिक वर्षमा करिव पन्ध्र प्रतिशत खर्च भैसकेको छ। जस अनुसार चालु तर्फ बाह्र दशमलव सात प्रतिशत र पूँजीगत तर्फ पन्ध्र दशमलब नौ प्रतिशत खर्च भैसकेको छ। माननीय भागवत प्रसाद मल्ल उहाँले प्रश्न राख्नु भएको छ,जिज्ञासा छ। स्याङ्जा जिल्लामा रहेको कालीगण्डकी जलविद्युत आयोजनाको लागि प्रयोग भएको जल र जमिनको रोयल्टी स्थानीय तहमा दिने व्यवस्था गरियोस भन्ने रहेको छ। राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले गरेको सिफारिस अनुसार नेपाल सरकारले प्रदेश र स्थानीय तहलाइ विद्युत, खानि, पर्वातारोहण, जंगल र पानीको रोयल्टी उपलब्ध गराउने भएकोले यसै अनुसार आर्थिक वर्ष ७५/७६ को रोयल्टी नेपाल सरकारबाट उपलब्ध गराइएको छ। माननीय मेखलाल श्रेष्ठ उहाँले सोध्नु भएको छ, हालसम्ममा पनि विकास निर्माणको वजेट कार्यान्वयन नभएको हुँदा तत्काल कार्यान्वयन गर्न ध्यानाकर्षण उहाँले गराउनु भएको छ। रकम फ्रिज हुने खतरा कायमै रहेको भन्ने उहाँको जिज्ञासा रहेको छ। आर्थिक वर्षको पहिलो चौमासिक अवधिमा प्रचलित कानुन बमोजिम आयोजनाको लागत अनुमान तयार गर्ने, लागत स्विकृत गर्ने, टेण्डर आब्हान गर्ने, मूल्याङ्कन गर्ने एवं ठेक्का संझौता गर्ने जस्ता आयोजना कार्यान्वयन पूर्वका प्रकृयाहरु पुरा गर्न समय लाग्ने भएता पनि दोस्रो तथा तेस्रो चौमासिक अवधिमा आयोजना कार्यान्वयनले गति लिने हुँदा आयोजना कार्यक्रमले लिएको लक्ष्य पुरा हुने र विनियोजित वजेट खर्च हुने हुँदा वजेट फ्रिज हुदैन भन्ने म जानकारी गराउन चाहान्छु र म यसको साथसाथै अहिले हाम्रो सबै कति खर्च भयो भन्ने हिसाब किताब राख्ने हाम्रो प्रदेश लेखा नियन्त्रण कार्यालय छ। निकासा दिने खर्चको आय व्ययको सवै हिसाब राख्ने र प्रदेश लेखा नियन्त्रण कार्यालयले उपलब्ध गराएको यो अहिले अर्धवार्षिक पौष मसान्त सम्मको खर्चको अवस्था यस्तो रहेको छ। अघि पनि मैले अलि छोटो भने र अहिले ७६/७७ मा चालुमा बाह्र दशमलव सात पाँच प्रतिशत खर्च भएको छ। पूँजिगत पन्ध्र दशमलव नौ दुई खर्च भएको छ। र टोटल एभरेजमा निकाल्दा चौध दशमलव सात एक प्रतिशत खर्च भएको छ। यसलाइ मैले एउटा तुलना गर्दा खेरि यसभन्दा अघिल्लो आर्थिक वर्ष ७५/७६ को आर्थिक वर्षलाइ तुलना गर्दा त्यसबेला त्यस

अवधिमा चालु खर्च आठ दशमलब नौ आठ प्रतिशत मात्र रहेको थियो। पूँजिगत खर्च त्यो धेरै थोरै थियो। दुई दशमलव चार पाँच प्रतिशत मात्र खर्च भएको थियो। एभरेजमा टोटलमा चार दशमलव छैंसठ्ठी प्रतिशत मात्रै खर्च भएको थियो गएको आर्थिक बर्षमा तर अहिले आर्थिक बर्षमा चौध दशमलव सात पाँच प्रतिशत खर्च भएको छ। । अव यसलाई बिभिन्न मन्त्रालयगत हेर्दा खेरि कुन कुन मन्त्रालयमा कसरी खर्च भएको छ त्यो पनि म यहाँ पेश गर्न चाहान्छु। प्रदेश सभा यो चालु तर्फ यो प्रदेश सभाले वयालिस दशमलव आठ प्रतिशत खर्च गरेको छ। पूँजीगत तर्फ चौरहत्तर दशमलव एक प्रतिशत खर्च गरिसकेको छ। यसको टोटलमा उननपचास दशमलव चार प्रतिशत आँउछ। अहिले सम्मको खर्च र यो हेर्दा खेरि शत प्रतिशत खर्च हुने देखिन्छ। मुख्य न्याधिवक्ताको कार्यालयमा चालु तर्फ चौंतिस दशमलव नौ प्रतिशत खर्च भएको छ। पुँजिगत तर्फ उननतिस दशमलव पाँच प्रतिशत खर्च भएको छ। र एभरेजमा चौंतिस दशमलव छ प्रतिशत खर्च भैसकेको छ। मुख्यमन्त्री कार्यालयमा चालु तर्फ वाह्र दशमलव सात प्रतिशत खर्च भएको छ। पुँजीगतमा शून्य दशमलव चार प्रतिशत खर्च भएको छ। शून्य दशमलव दुई प्रतिशत खर्च भएको छ र यसको एभरेज खर्च चार दशमलव पाँच प्रतिशत खर्च भएको छ। आर्थिक मामिला चालु तर्फ एघार दशमलव सात प्रतिशत खर्च भएको छ। पुँजिगत पाँच दशमलव चार प्रतिशत खर्च भएको छ र एभरेजमा एघार दशमलव एक प्रतिशत खर्च भएको छ। त्यस्तै गरेर आन्तरिक मामिला चालु तर्फ पाँच दशमलव नौ प्रतिशत खर्च भएको छ। पुँजीगत जिरो दशमलव चार प्रतिशत खर्च रहेको छ र जम्मा एभरेज खर्च तिन दशमलव नौ प्रतिशत रहेको छ। उद्योग पर्यटन चालु तर्फ पन्ध्र दशमलव दुई प्रतिशत खर्च भएको छ। पूँजीगत दुई दशमलव चार प्रतिशत खर्च भएको छ, एभरेजमा दश दशमलव छ प्रतिशत खर्च भएको छ। कृषि तथा भूमि मन्त्रालय अन्तर्गत चालु तर्फ दश दशमलव आठ प्रतिशत खर्च भएको छ। पूँजीगत पन्ध्र दशमलव छ प्रतिशत खर्च भएको छ। र जम्मा एघार दशमलव चार प्रतिशत खर्च भएको छ। भौतिक पुर्वाधार चालु तर्फ उन्नाईस दशमलव एक प्रतिशत खर्च भएको छ। पूँजीगत बीस दशमलव शुन्य प्रतिशत खर्च भएको छ। र यसको एभरेजमा बीस प्रतिशत खर्च भएको देखिन्छ। सामाजिक विकास चालुमा पन्ध्र दशमलव तिन

प्रतिशत खर्च भएको देखिन्छ। त्यसपछि पूँजीगत तिन दशमलव आठ प्रतिशत खर्च भएको देखिन्छ। र यो एभरेजमा वाह्र दशमलव पाँच प्रतिशत खर्च भएको देखिन्छ। र यो आर्थिक मामिला अन्तर्गत अर्थ विविध छ। यो अर्थ विविधमा खर्च भएको छैन त्यो विशेष अवस्थाको निम्ति राखिएको रकम रहयो। त्यस्तै गरेर प्रदेश नीतिमा नीति तथा योजनामा चाँहि एक्काईस दशमलव नौं प्रतिशत चालु खर्च पूँजीगत छयासि दशमलव छयासि प्रतिशत खर्च रहेको छ। यसको टोटलमा पचपन्न दशमलव एक प्रतिशत खर्च भएको देखिन्छ। त्यस्तै गरेर अब अरु यो एउटा अन्तर सरकारी त्यसमा अहिले टोटल यो प्रदेश लोक सेवा अहिले त्यो खर्च देखिएको छैन त्यो वनेको पनि छैन अव यो कुल वाह्र दशमलव सात प्रतिशत खर्च भएको चालु तर्फ अव पुँजिगत तर्फ पन्ध्र दशमलव नौं र टोटलमा चौध दशमलव सात प्रतिशत अब खर्च भएको देखिन्छ। अव यसलाइ हामीले रकमको हिसाबले चालु वजेट तर्फ वाह्र अर्व अठ्ठाइस करोड सन्ताउन्न लाख बहत्तर हजार मध्येमा एक अर्व छपन्न करोड एकसठ्ठि लाख वयानब्बे हजार खर्च भएको छ। त्यस्तै पूँजीगत तर्फ उन्नाईस अर्व चौरासि करोड नब्बे लाख विस हजार विनियोजन भएकोमा तिन अर्व सोह्र करोड आठ लाख चालिस हजार खर्च भएको छ। अव जम्मा वत्तिस अर्व तेह्र करोड सतचालिस लाख वयानब्बे हजार हाम्रो अव कुल वजेट त्यसको आधारमा चार अर्व वहत्तर करोड सत्तरी लाख तेत्तिस हजार खर्च भएको छ। र यसमा म अन्तिममा एउटा कुरा मात्र जोड्न चाहान्छु । के हाम्रो यो वजेट यो आर्थिक वर्षमा बाह्र महिनाको निम्ति हुन्छ, यो बाह्र महिनाको निम्ति प्रत्येक महिना बाह्र महिनाको भाग लगाएर जति हुन आउँछ त्यतिनै खर्च हुदैन खर्च गर्ने विधि त्यो पनि हुदैन प्रकृया त्यो पनि हुदैन योजना कार्यान्वयन त्यसरी पनि हुदैन। त्यसले गर्दा खेरि अहिले अब अर्ध वार्षिक हिसावले छ महिना वितिसकेको छ। छ महिनामा आधा बजेट खर्च हुनु पर्थीयो भन्ने अब सोझो ढंगले सरल ढंगले हिसाब निकाल्दा यो बजेट कार्यान्वयन खर्च योजना कार्यक्रम संचालन आदी,इत्यादी सम्बन्धी त्यो प्रकृयागत कुराहरुलाइ बुझेर हामीले त्यसलाई अनुमान गर्न सक्छौं। र अहिले सम्म यसरी अनुमान गर्दा खेरि हामीले जुन बजेट विनियोजन गरेका छौं कार्यक्रममा अहिले धेरै कार्यक्रमहरु ठेक्का संझौताको प्रकृयामा रहेको छ। त्यसले गर्दा खेरि पनि त्यो संझौता हुने बित्तिकै हामीले आगामि

छ महिना भित्र हामीले विनियोजन गरेको बजेट हामीले खर्च गर्न सक्छौं भन्ने कुरा यहाँहरुलाई जानकारी गराउँदै म आफ्नो भनाइ यहिं समाप्त पार्दछु । हवस त धन्यबाद ।

**माननीय सभामुख**-माननीय सदस्यहरु, अव म माननीय भौतिक पुर्वाधार विकास मन्त्री रामशरण बस्नेतलाइ विभिन्न मितिका बैठकमा माननीय सदस्यहरुले उठाउनु भएका आफ्नो मन्त्रालय सँग सम्वन्धित विषयलाइ सम्वोधन गर्न अनुमति दिन्छु ।

**माननीय भौतिक पुर्वाधार विकास मन्त्री रामशरण बस्नेत-** गण्डकी प्रदेश सभाको शुन्य र विशेष समयमा माननीय ज्यूहरुले विभिन्न मितिमा भौतिक पुर्वाधार विकास मन्त्रालय सँग सम्वन्धित सवाल एवंम जिज्ञासाहरुको जवाफ माननीय सभामुख ज्यू मार्फत सम्मानित सदनमा राख्न अनुमति चाहान्छु । माननीय सभामुख महोदय,सर्वप्रथम भौतिक पुर्वाधार विकास मन्त्रालयको हालसम्मको शिर्षकगत प्रगति विवरण र शुन्य र विशेष समयमा माननीय ज्यूहरुले उठाउनु भएका जिज्ञासाहरु यस सम्मानीत सभामा प्रस्तुत गर्न चाहान्छु । एक सडक,सडक पुल,झोलुंगे पुल एक निर्वाचन क्षेत्र एक सडक अन्तर्गत मनाङको नार्फु बाहेक अन्य पैंतिस वटा सडकहरुको काम सुचारु रहेको छ । नार्फुको इ.आइ.ए भैरहेको अवस्था छ । हालसम्म सन्तानव्वे किलो मिटर पक्की सडक र एकसय वाइस किलोमिटर ग्राभेलको काम निर्माण सम्पन्न भैसकेको छ भने पाँचसय बाउन्न किलोमिटर सडक कालोपत्रे गर्ने गरी ठेक्का संझौता भएको र हुँदै गरेका छन । विनियोजित योजनाहरु मध्ये केहि बिवादित स्थान र कानुनी जटिलतामा परेका बाहेकका सबै सडक आयोजनाहरुको टेण्डर प्रकृया सम्पन्न भैसकेको छ । अर्को तर्फ संघबाट हस्तान्तरण भैआएका लामो समय देखि अवरुद्ध सडक र पुलहरुको म्याद थपको लागि प्रदेश खरिद नियमावली मन्त्रीपरिषदबाट स्विकृत भै म्याद थप गरि योजनाहरु अगाडि बढिरहेका छन। उक्त सडकहरुलाइ प्राप्त भएको रकम उन्नन चालिस करोड खर्च भैसकेको छ भने बाँकी रकम माग गरि पठाइएको जानकारी गराउन चाहान्छु । सडक पुल, हालसम्म उन्नाईस वटा सडक पुलहरु सम्पन्न भएका छन भने त्रिपन्न

वटा सडक पुलहरु निर्माणाधीन रहेका छन । यसै आर्थिक वर्ष भित्र तिसवटा सडकपुल सम्पन्न गर्ने कार्य अगाडि बढिरहेको छ । झोलुङे पुल लामो स्तरका चारवटा झोलुङे पुल सम्पन्न भएका छन भने एक सय वीसवटा झोलुङे पुलको निर्माण कार्य बिभिन्न चरणमा रहेको सम्मानित सदनमा जानकारी गराउन चाहान्छु । खानेपानी हालसम्म तेईस हजार सात सय पाँच घरहरुमा एक घर एक धारा कार्यक्रम अन्तर्गत धारा जडान भैसकेका छन भने हालसम्म पनि खोला खोल्सी कुवा नदीबाट असुरक्षित खानेपानी खाइरहेका जनतालाई खानेपानीको सेवा पुर्याउन एकसय तिसवटा योजना छनौट गरि आधारभुत खानेपानीको कार्य अगाडी बढाइएको छ । सिंचाइ तर्फ सतह तथा थोपा सिंचाइ चौबिसवटा योजना सम्पन्न भई त्यसबाट छसय सतचालिस हेक्टर जमिनमा थप सिंचाई विस्तार भएको छ । भुमिगत सिंचाई एकसय चौरहत्तर हेक्टर थप जमिनमा सिंचाई बिस्तार गरिएको छ । तटबन्धन प्रदेश भित्रका विभिन्न नदी नालाहरुमा अठासी वटा नदी नियन्त्रण तटबन्धन सम्वन्धी योजना सम्पन्न भइ जम्मा चौध पइन्ट पाँच किलोमिटर तटबन्ध निर्माण सम्पन्न भएको छ जसका कारण खोला किनारका एकहत्तर हेक्टर जमिन उकास भएको छ । जनता आवास तर्फ आ.ब.७५/७६ र ७६/ ७७ मा तेह्रसय वीस घर सम्पन्न भएका छन भने आठसय पन्ध्र घर निर्माणाधिन रहेका छन साथै नयाँ घरहरु छनौट प्रकृया अगाडी बढिरहेको छ । भवन सामुदायिक भवन स्थानीय तहको सहलगानीमा बहुउद्देश्य सभा हल तथा सामुदायिक भवनहरुको निर्माण कार्य तिब्रताका साथ अगाडी बढिरहेका छन । नवलपुर वर्दधाट सुस्तापुर्वका सदरमुकामका सरकारी कार्यालयहरु निर्माण गर्न एकीकृत गुरुयोजना अन्तिम चरणमा पुगेको छ र त्यो गुरुयोजनाले पूर्णता पाइसकेपछि हामी नवलपुरमा पनि सरकारी भवनहरु वनाउन लागिरहेको कुरो म सम्मानित सदनमा जानकारी गराउन चाहान्छु । बिद्युत विस्तार नविकरणीय उर्जाको सन्दर्भमा  बिद्युत तर्फ हालसम्म पन्ध्र हजार सात सय सत्तरी स्टील पोलहरु स्थानीय तहहरुलाई काठका पोल विस्थापनका लागि दिईसकिएको छ भने दुई वर्ष भित्र उज्यालो प्रदेश घोषणा गर्ने कार्यक्रम अन्तर्गत बिद्युतिकरण बिद्युत प्राधिकरणको समन्वयमा चौवालिस वटा ठेक्का आब्हान भइ काम अगाडि बढिरहेको अवस्था छ । अर्को तर्फ गोर्खा,मनाङ,मुस्ताङ् र म्याग्दी जिल्लाका

एघार सय साठी घरधुरिहरुमा सोलार प्यानल जडान गर्नका लागि ठेक्का सम्पन्न गरि कार्य अगाडी वढिरहेको छ। त्यसै गरि आठवटा जिल्लाका बत्तिस लघु जलबिद्युत योजनाको क्षमता एक पइन्ट पाँच मेगावट क्षमताको मर्मत कार्य अगाडी वढिरहेको छ। यसरि भौतिक पुर्वाधार विकास मन्त्रालयको आ.व.७६/७७ को पौष मसान्त सम्मको प्रगति विवरण अघिनै माननीय आर्थिक मामिला मन्त्रीले बताइसक्नु भएको छ । करिब वीस प्रतिशत रहेकोमा अधिकाँस योजनाहरुमा ठेक्का लगाउने कार्य सम्पन्न भइसकेको हुँदा खर्च प्रगति बढदै जाने अवस्था छ। सभामुख महोदय, अब म विभिन्न मितिमा माननीय सदस्य ज्यूहरुले सम्मानीत सदनमा शुन्य र बिशेष समयमा राख्नु भएका सवाल जिज्ञासाहरुको जवाफ तर्फ जान चाहान्छु। स्याङ्जा जिल्ला भिरकोट नगरपालिका वडा नं दुइ र पाँच जोड्ने झारखाम सडक पुल सम्वन्धमा केन्द्र सरकारबाट प्राप्त डि.पि.आर.चेक जाँच गरिसकिएको अवस्था छ भने प्राविधिक रिपोट अनुसार अव त्यो पुलको काम अगाडि बढाइने छ। सडक मापदण्ड सन्दर्भमा प्रदेश सरकारले मापदण्ड तोकेको छ तर घर जग्गाको नक्सा पास गर्ने अधिकार स्थानीय तहमा रहेको हुँदा सडक मापदण्ड अनुरुप अगाडी बढाउन स्थानीय सरकार सँग समन्वय गर्दै प्रदेश सरकार अगाडी बढेको छ। अगुवा बृद्दि पौवाटार सडक कालोपत्रे गर्दा रातारात काम भएको र गुणस्तरहिन काम भएको भन्ने सन्दर्भमा काम गर्दा रात दिन नभनि काम भएको हो। ल्याव परीक्षणबाट गुणस्तरहिन काम भएको पाइएमा उक्त कार्यको मन्त्रालय मार्फत आवश्यक प्रकृया अगाडी बढाइएको छ र पौष माघ महिनामा पिच नगर्न सवै निर्माण व्यावसायिहरु चिसो मौसममा पिच गर्दा समस्या आउने भएको कारणले दुइ महिना पिच नगर्नका निम्ती सवै निर्माण व्यवसायीहरुलाइ पत्राचार गरेको जानकारी पनि गराउन चाहान्छु। निर्वाचन क्षेत्र विकास कार्यक्रमको हालसम्म पनि अख्तियारी प्राप्त नभएको भन्ने सन्दर्भमा चारवटा निर्वाचन क्षेत्र बाहेकको पिएल एम वि आइ यस इन्ट्री भैरहेको र इन्ट्रि हुनु अगावै सम्वन्धित कार्यालयलाइ आवश्यक कार्य अगाडी वढाउन पत्राचार गरि सकिएको कुरो म पुन यो सदनमा दोहोराउन चाहान्छु। बाग्लुङ् जिल्लाको महाविर सिंचाइ आयोजना अलपत्र परेको भन्ने सन्दर्भमा यस आयोजना २०७३ सालबाट शुरु भएको हाल प्रदेश सरकारलाइ

हस्तान्तरण भएको उक्त आयोजनामा दुई प्याकेजमा संझौता भएको पाइयो जस मध्ये एक प्याकेजको काम सम्पन्न भैसकेको र अर्को प्याकेजको काम सम्पन्न गर्न निर्माण व्यवसायीले प्रतिवद्यता गरिसकेको हुँदा यसै आर्थिक वर्ष भित्र आयोजना संचालनमा ल्याउने गरि प्रकृया अगाडी वढाइसकेको जानकारी गराउन चाहान्छु। बिजयपुरमा बन्ने भनेको आर्क ब्रिजको सन्दर्भमा पृथ्वी राजमार्ग रणनीतिक सडक भएको र संघ सरकारको अधिकार क्षेत्र भित्र पर्ने भएको हुँदा उक्त पुल निर्माणका लागि केन्द्र सरकार सँग आवश्यक समन्वय भैरहेको अवस्थामा हालै मात्र  मुग्लिङ पोखरा सडक चार लेनको निर्माण गर्ने ठेक्का प्रकृयामा गैसकेको हुँदा सोहि अनुसार आवश्यक पुल निर्माण हुनेछ र यो फेरि पुन यसको डिजाइनहरु सवै चेन्ज गर्नुपर्ने कुरा म यहाँ सदनमा राख्न चाहान्छु। म्याग्दी जिल्लाको बेनि बजार मुखैको छ सय मिटर बाटो पिच गर्न डेड बर्ष लागेको छ भन्ने सन्दर्भमा उक्त सडक शसर्त योजना अन्तर्गत हस्तान्तरण भई आएको शुरुमा निर्माण व्यवसायीलाई काम गर्न अबरोध सृजना भएको र हाल उक्त योजनाको अन्तिम पटक म्याद थप गरिसकेको र हाल चिसोको कारण बाटो पिच गर्नलाइ अनुकूल नभएको हुँदा थपिएको म्याद भित्र कार्य सम्पन्न गर्न पूर्वाधार विकास कार्यालय म्याग्दी जुटि रहेको अवस्था भएको जानकारी गराउन चाहान्छु। पोखराका सवै नहरहरु खुल्ला भएका कारण दुई बर्षमा अठार जनाले ज्यान गुमाउनु परेको सन्दर्भमा नहरको जग्गा अतिक्रमण गरि वस्ती बसेको एवं सरकारी जग्गामा नक्सा पास गरि घर निर्माण समेत गरेको पाइएकोले घर भत्काउन समस्या रहेका कारण पोखरा महानगरपालिका सँग समन्वय मन्त्रालयले गरिरहेको छ भने दुर्घटना धेरै भएको र हुनसक्ने स्थानमा नहरलाई ढाक्ने, तार जाली लगाउने कार्यको थालनी पनि गरिएको जानकारी गराउन चाहान्छु र यो कार्य बिजयपुर क्षेत्रमा भएको पनि म अवगत गराउन चाहान्छु । माननीय ज्यूहरुले उठाउनु भएको समस्याहरु अधिकांश संघीय सरकारबाट कार्यान्वयन भएका योजनाहरु भएको र ति योजनाहरुको म्याद थप वजेट व्यवस्थापनमा प्रदेश सरकारले प्रत्यक्ष हस्तक्षेप गर्न नसकिने तर ति योजनाहरु सँग सम्वन्धित कार्यालय प्रमुख, निर्माण व्यवसायी र स्थानीय जनतासँग समन्वय र छलफल गरी आयोजना समयमा सम्पन्न गर्न आवश्यक पहल गरिएको छ। जस्तै

दोर्दि खोला पुल लमजुङ, म्यारदी खोला पुल मनाङ, बिजय खोलाको पुलमा समस्या आँउदा तत्काल डाइभर्सन बनाएर यातायात शुरु गर्ने कार्यहरु प्रदेश सरकारबाट भएको कुरा माननीय ज्यूहरुलाई विदितै छ। प्रदेश सरकारको सफलता भनेको सिङ्गो संघीयताको सफलताको महत्वपुर्ण पाटो ठानी सरकारलाई सकरात्मक र रचनात्मक सुझाव एवंम बजेट कार्यान्वयनमा विशेष चनाखो बनाउने हिसाबले जुन सवालहरु माननीय ज्यूहरुले राख्नु भएको छ। बिशेषत भौतिक पुर्वाधार विकास मन्त्रालय प्रदेश भित्रको समानूपातिक विकासका लागि न्यायोचित रुपमा वितरण भएका योजनाहरुको पूर्ण कार्यान्वयनमा सजक र योजनावद्य रुपमा उपलब्ध जनशक्ति र प्राविधिकको समुचित तालमेलका साथ अगाडि वढिरहेको हुँदा आशातित प्राप्ति हासिल गर्न सकिने विश्वासका साथ अगाडि बढिरहेको छ। माननीय ज्यूहरुका महत्वपुर्ण सुझाव एवंम सल्लाह नै हामीले हालसम्म हासिल गरेको प्रगतिको आधारको रुपमा लिएका छौं। आगामी दिनमा थप सुझाव एवं सल्लाहको अपेक्षा सहित माननीय सभामुख मार्फत सवैमा बिशेष धन्यबाद ब्यक्त गर्दै आफ्ना भनाई अन्त्य गर्न चाहान्छु। । हस धन्यवाद ।

**माननीय सभामुख**-माननीय सदस्यहरु, अव म माननीय उद्योग, पर्यटन,वन तथा वातावरण मन्त्री श्री विकास लम्साललाई विभीन्न मितिका सभाका बैठकमा शून्य समय र विशेष समयमा माननीय सदस्यहरुले उठाउनु भएका आफ्नो मन्त्रालय सँग सम्वन्धित विषयलाई सम्वोधन गर्न अनुमति दिन्छु ।

**माननीय उद्योग, पर्यटन,वन तथा वातावरण मन्त्री श्री विकास लम्साल** –माननीय सभामुख महोदय, गण्डकी प्रदेश सभाको हिउँदे अधिवेशनको शून्य समयमा र विषेश समयमा माननीय सदस्य ज्यूहरुले उठाउनु भएको हाम्रो मन्त्रालय सँग सम्बन्धित विषयलाई बुँदागत रुपमा यस प्रदेश सभामा जवाफ प्रस्तुत गर्न चाहान्छु। माननीय सदस्यहरुले उठाउनु भएका विषयहरु प्रति हाम्रो मन्त्रालय सचेत छ। यहाँहरुले उठान गर्नु भएका सवै महत्वपूर्ण सल्लाह

सुझाव र सवालहरुलाई सुधारका रुपमा लिदै अवका दिनमा थप प्रभावकारी रुपमा कार्यान्वयन गर्ने दिशामा हामी अगाडी वढ्नेछौं। यहाँहरुलाइ यहाँहरुको चाँसो र महत्वपुर्ण राय सुझावका लागि हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दै यो बुँदानं १ यो नरभक्षि चितुवा नियन्त्रणका सम्बन्धमा र यसबाट भएको बारेमा माननीय सदस्यहरुले उठाउनु भएको छ। स्थानीय जनसहभागिताको माध्यमबाट संरक्षण,सम्बर्धन र सदुपयोग हुँदै आइरहेका सामुदायिक समुदायमा आधारित वन व्यवस्थापनबाट वन क्षेत्र बृद्धि हुनु ग्रामीण क्षेत्रमा बसोबास गर्ने समुदाय प्राय शहर केन्द्रित बसाईसराईका कारण खेति योग्य जमिन वनमा परिणत भएको हुनाले वन्यजन्तुहरुको संख्यामा बृद्धि हुने तथा बन्यजन्तुको बासस्थान मानब बस्तिको नजिक सर्दै गईरहेको छ। फलस्वरुप बन्यजन्तुबाट मानिस र घरपालुवा जनावर र खेतिपातिको क्षति हुने क्रम बढदै गईरहेको छ। नरभक्षि चितुवा लगायत वन्यजन्तुको आक्रमणमा हालसम्मको अवस्था बिशेष गरी तनँहुमा हिजो पनि एकजना दश वर्षको बच्चालाई चितुवाबाट आक्रमण भएको छ। नरभक्षि चितुवाको आक्रमणबाट अहिले सम्म यो बिचमा नौ बालबालिकाको मृत्यु भएको छ। २०७४/११/१३मा भानु नगरपालिका वडानं ३ दोरदोर फाँटमा वर्ष सातका बिशाल श्रेष्ठ, २०७५/०७/२९ मा भानु ४ कि सात बर्षिय रंजिता लम्साल २०७५/०८/१५मा भानु २ का आठ बर्षिय अमृत गुरुङ, २०७६/०२/२४मा भानु २ कि आठ वर्षिय पुष्पा अधिकारी, २०७६/०८/१३ मा भानु १ का तिन बर्षिय आशिष बानियालाई र २०७६/०७/११मा भानु २का सात वर्षिय रितिक रोका २०७६/०९/१३मा शुक्लागण्डकी नगरपालिका रातमाटा वडानं ३ का दुई वर्षिय रबिन नेपाली २०७६/०९/२० मा आबुखैरेनी गाउँपालिका वडानं १ रानागाउँका सात वर्षिय पुजन सिंजाली र २०७६/१०/१३ मा बन्दीपुर गाउपालिका वडानं ४ का १० बर्षिय इशक सुनारलाई घर नजिकै आक्रमण गरि मारेको भानु नगरपालिका क्षेत्रमा बिभिन्न मितिमा सात जना बालबालिकालाई चितुवा तथा भालुले आक्रमण गरि घाइते बनाइ उपचार पश्चात बाँच्न सफल भएको भानु नगरपालिका वडा नं ११ र १३मा जंगली भालुले पटक पटक आक्रमण गरि धनजनको क्षति गरिएको उपचार पश्चात बाँच्न सफल भएको विगत पाँच बर्षको अवधिमा

जिल्ला भरमा तिनसय भन्दा बढि घरपालुवा जनावरलाई चितुवा लगायतका बन्यजन्तुहरुले मारेको अवस्था रहेको र नरभक्षि चितुवा नियन्त्रणका लागि सरकारका तर्फबाट भएका प्रयासहरु गत बर्ष देखिनै डिभीजन बन कार्यालय तनँहुबाट जंगल क्षेत्रमा चितुवाको गतिविधि अनुगमन गर्न क्यामराहरु राखिएको विभिन्न ठाँउहरुमा क्यामरा र चितुवाका गतिविधि सहितका तस्विरहरु कैद भई चितुवा हिंडने बाटो पत्ता लगाइएको र चितुवा हिंडने बाटोमा बिभिन्न छ स्थानमा बाख्रा सहितको फलामे खोरहरु राखिएको साथै चितुवा हिडने बाटोहरुमा बाह्र स्थानमा खुट्टामा लाग्ने पासो राखिएको र चितुवालाई लठ्याएर नियन्त्रणमा लिन डाटिङ टोलि समेत परिचालन गरिएको फलामे खोरमा चितुवा पार्न नसकेको कारणले डिभिजन बन कार्यालय तनँहु मार्फत सामुदायिक बनलाइ परिचालन गरि भानु नगरपालिकामा रहेका नौं वटा सामुदायिक वनमा अनिवार्य रुपमा एक एक वटा काठका खोरहरु वनाउन लगाइएको शुक्लागण्डकी र आबुखैरेनिमा पनि काठका खोरहरु बनाई बाख्रा सहित राखिएको हालसम्म एघार वटा काठे खोरहरु राखी चितुवा छोप्ने कार्य गरिएको भानु नगरपालिका क्षेत्रमा काठको खोरमा २०७६ सालको असोज १६ कात्तिक ११ कात्तिक २६ मंसिर ८ र मंसिर १५ गरि पाँचवटा चितुवाहरु र व्यास नगरपालिकाको वडानं ९ २०७६पुष ९मा एकवटा गरि छ वटा चितुवाहरु कैद भएका र तिनिहरु मध्ये चारवटालाइ चितवन राष्ट्रिय निकुञ्जमा र एउटालाइ शंखरनगर प्राणी उद्यान रुपन्देहीमा र अर्को एकलाइ मणि मुकुन्द सेन पार्क वुटवल रुपन्देहीमा स्थानान्तरण गरिएको यसरी हालसम्म छ वटा चितुवाहरु बाहिर स्थानान्तरण भैसकेका छन। र यसका साथै जिल्लाका बिभिन्न स्थानमा बिगत बिस महिनाको अवधिमा पाचवटा चितुवाहरु मृत अवस्थामा फेला परेका छन। र राष्ट्रिय प्राकृतिक संरक्षण कोष मार्फत चितुवा नियन्त्रणका लागि छ वटा टोली परिचालन भई नियन्त्रणको प्रयास गरिएको र चितुवाबाट मुख्य रुपमा स्कूले बच्चाहरुलाइ असुरक्षित भएकोले चितुवाको आनिवानी र यसको आक्रमणबाट बच्ने उपाय बारे दश वटा स्कूलमा स्कुल टिचिङ कार्यक्रम समुदाय स्तरमा चितुवाको आनिवानी र यसबाट आक्रमणबाट बच्ने उपायहरु समुदायिक बनमा बस्ने चितुवाको स्थान व्यवस्थापन सम्वन्धमा आठवटा गोष्ठी संचालन गरिएको र चितुवाको

आनीवानि र यसको आक्रमणबाट बच्ने उपाय र सतर्कताका बारे स्थानिय पत्रपत्रिकाबाट नियमित रुपमा सन्देशहरु प्रशारण, प्रकाशन भैरहेको तथा माइकिङ मार्फत पनि सचेतना कार्यक्रम संचालन भैरहेको चितुवा आहार प्रजाति संरक्षण चोरी निकासी नियन्त्रण तथा वन क्षेत्रमा वन्यजन्तुहरुले खानेपानीका श्रोतहरुको संरक्षण जस्ता कार्यहरुमा सामुदायिक वनहरु मार्फत गरिने कार्यको शुरुवात गरिएको विगत वीस महिनाको अवधिमा चितुवा लगायतका वन्यजन्तु पिडितहरुलाइ सरकारको तर्फबाट क्षतिको राहत निर्देशिका २०७१ बमोजिम पैंसठ्ठी लाख भन्दा बढि राहत रकम बितरण गरिएको। जिल्ला सुरक्षा समितिको बैठक बसि स्थानिय प्रशासन ऐन २०२८ बमोजिम नरभक्षि चितुवा मार्न नियन्त्रण लिनका लागि प्रमुख जिल्ला अधिकारीबाट आदेश भैसकेको गृह मन्त्रालय सँग समन्वय गरि जिल्ला प्रशासन कार्यालय तनँहुले शसस्त्र प्रहरी नेपाल प्रहरी वन सुरक्षा कर्मी रहेको उन्नाईस सदस्यीय बिशेष सुरक्षा दस्ता समेत गठन गरि परिचालन गरेको अवस्था रहेको नेपाल प्रहरी र शसस्त्र प्रहरी भानु डिभिजन वन कार्यालय स्थानीय समुदायहरुको नियमित रुपमा संयुक्त गस्ती परिचालन भैरहेको नरभक्षि चितुवा नियन्त्रणका भावि कार्यहरु घट्नास्थल आसपासको वन क्षेत्रको अनुगमन गरि हेर्दा चितुवाका आहारा प्रजातिहरु मृग,बनेल,खरायो वन कुखुरा आदी वन क्षेत्रमा कम रहेको अवस्था पाइएको जसको कारण चितुवाहरु मानव बस्तीमा प्रवेश गरि बिशेष गरी साना उमेरका बच्चाहरुलाई आक्रमण गरि मार्ने गरेको पाइएकोले यो समस्याको दिर्घकालिन समाधानका लागि डिभिजन बन कार्यालय र भानु नगरपालिका र सामुदायिक बनहरुको संयुक्त प्रयासमा वन क्षेत्रहरु भित्र चितुवाको बासस्थान व्यवस्थापन र आहारा प्रजातिहरुको संरक्षणमा बृहत कार्यक्रमहरु कार्यान्वयन गर्ने र समुदायस्तरमा जनचेतना अभिवृद्धि गर्ने र समग्रतामा नयाँ स्थानहरुमा काठका खोरहरु निर्माण गरि नरभक्षि चितुवाहरुलाइ नियन्त्रणमा लिने वन कर्मचारी, प्रहरी र स्थानीय समुदायको सामुहिक गस्तिको कार्यलाइ निरन्तरता दिने वन्यजन्तु पिडितलाइ राहत र पुनर्स्थापना कार्यक्रमहरु निरन्तरता दिने अहिले सम्म सरकारका तर्फबाट भएका प्रयासहरु यिनै हुन। अर्को चाहि छ पर्यटकहरु हिंउ पहिरोमा परेको सम्वन्धमा कास्की जिल्ला अन्नपुर्ण गाँउपालिका वडानं ११ हिमालय र देउरालीको बिचमा पर्ने हिंउ

खोलामा हिउँचुली हिम पहिरोबाट मिती २०७६/१०/३ गते बिहान करिब १०.३० बजे गएको हिम पहिरोले नेपाली तथा बिदेशी पर्यटकहरु हराइरहेको पाइएको छ। सम्पर्क बिहिन भएका पर्यटकहरुको हेलिकप्टर मार्फत उद्घार टोलि सहित खोजी कार्य भैरहेको छ। १९ र २० जनवरी २०२० का दिन एरियल सर्च गरिएको थियो। हराएका मानिसहरुको खोजि गर्ने बिषेश यन्त्र रेक्टो डिभाइसको समेत प्रयोग गरि खोजी भैरहेको छ। हालसम्म दुईसय जनाको उद्घार गरिएको छ भने चार जना कोरियन र तिन जना नेपाली गरि सात जना हराइरहेकोमा हालसम्म खोजि कार्य जारि रहेको छ। त्यस क्षेत्रमा ठुलो हिम पहिरो गएको र पहिरो गएको ठाँउ सागुरो र जोखिम युक्त भएकोले जमिनबाट खोजी गर्न कठिनाइ भएको छ। उद्घारका लागि नेपाली सेना, नेपाल प्रहरी, शसस्त्र प्रहरी, विभिन्न संघ संस्था, स्थानीय जनता टान लगायतका विभिन्न सरोकारवालाहरुले अथक प्रयास गरिरहेका छन। हराएका पर्यटकहरुको खोजी कार्य र उद्घार गर्न कुनै कसर वाँकी नराख्ने प्रतिवद्धता सरकारका तर्फबाट भएको छ साथै हराएका मानिस छिट्टै हाम्रो सम्पर्कमा आउने विश्वास लिएका छौं। फेवाताल संरक्षणको सम्वन्धमा पनि सम्मानित सदनमा धेरै कुराहरु उठेका छन र यो मैले पहिला पनि भनेको थिए र अहिले सम्म भएका प्रयासहरु म बुँदागत रुपमा राख्न चाहान्छु। प्रदेश मन्त्रिपरिषदको मिति २०७५/१०/०९को बैठकबाट सम्मानित सर्वोच्च अदालतको फेवाताल संरक्षण सम्वन्धि फैसला कार्यन्वयन गर्न मेरो अध्यक्षतामा एक उच्चस्तरीय समिति गठन भई कार्य जारि भैरहेको छ। उक्त समितिको बैठक पाँच पटक बसिसकेको र दुईपटक सरोकारवालाहरु सँग छलफल समेत भैसकेको छ। सम्मानित सर्वोच्च अदालतको फैसलामा उल्लेखित फेवातालको पानी मुनि रहेको तर व्यक्तिको नाममा दर्ता पुर्जा रहेको १६९२ रोपनी जग्गा तत्काल खारेज गर्न र तत्काल तालको सिमाङ्कन नक्साङ्कन गर्न आ.व.७६/७७मा अधिग्रहण गर्नुपर्ने जग्गाको मुआव्जा बितरणका लागि अनुमानित दुई अर्व बिनियोजन गरिदिनका लागि प्रदेश सरकार मार्फत नेपाल सरकारलाइ अनुरोध गरि पठाइएको छ। फेवातालको जलाधार क्षेत्रबाट आउने सेदिमेन सिधै फेवातालमा जान रोकि ताल पुरिनबाट जोगाउनका लागि पोखरा महानगरपालिकासँग समझदारी कायम गरि अठ्ठाइस करोड लगानीमा हर्पन खोला, अंधेरि

खोला लगायतका बिभिन्न खोल्सामा सेलिट्रेसन ड्याम निर्माणका लागि कार्य अगाढि बढिरहेको छ। फेवाताल लगायत प्रदेशका सवै ताल तलैयाहरुको संरक्षण र व्यवस्थापनका लागि ताल प्राधिकरण सम्वन्धि ऐन र नियमावली जारि भइ सोहि बमोजिम ताल प्राधिकरण स्थापनाका लागि कार्यकारी प्रमुखको छनौट प्रकृया अगाडी बढिसकेको छ। फेवातालको जलाधार क्षेत्र भएको कास्की जिल्ला भु संरक्षण जलाधार कार्यालय तनँहुको कार्यक्षेत्र पर्ने भएको हुँदा कार्यालयबाट आ.व.०७५/७६मा तिन करोडबाट छोटो समयमा स्थानीय जनसहभागिता परिचालन गरि पोखरा महानगरपालिका वडानं २,६,१८,२३ र २४ मा अन्नपूर्ण गाँउपालिकाको वडानं १,२ र ४मा विभिन्न स्थानमा सात स्थानमा पहिरो रोकथाम र दुई स्थानमा गल्छी रोकथाम र तिन स्थानमा ग्रामिण सडकको गल्छी तथा पहिरो रोकथाम र चार स्थानमा खोला किनार संरक्षण, तिन स्थानमा खोला नियन्त्रण र पाँच स्थानमा पोखरी संरक्षण जस्ता निर्माण कार्यहरु गरिएको छ। यो बिचमा भएका प्रयासहरु हुन। यसरि फेवातालको सम्वन्धमा र अर्को बजेट कार्यान्वयन सम्वन्धमा यो अर्थमन्त्री ज्यूले पनि यसरी भनिसक्नु भएको छ। स्विकृत बार्षिक कार्यक्रमहरु कार्यान्वयन गर्दा खेरि विद्यमान ऐन मार्गदर्शन अनुसार संचालन गरी कार्यक्रमले राखेको उद्देश्य आशातित उपलब्धि तथा प्रभाव पार्न आजको आवश्यकता हो। एउटै प्रकृतिका कार्यक्रम र क्रियाकलापहरु सवै कार्यालयहरुले सम्पादन गर्दा मिल्दा जुल्दा क्रियाकलाप समान बिधिवाट कार्यान्वयनमा होस् र कार्यान्वयन गर्ने कार्यालय संस्था व्यक्तिबाट सहज र सरल होस् भन्ने उद्येश्यले विगतका अनुभवहरुलाइ समेत मध्यनजर गरी विभिन्न कार्यक्रम,कार्यन्वयन कार्यीबिधि प्रदेश मन्त्रिपरिषदबाट स्विकृत भै कार्यान्वयनमा गैरहेका छन्। र मन्त्रालयको मात्र प्रगति थोरै देखिएको भएता पनि हाम्रा कार्यक्रमहरु कार्यान्वयन गर्ने मातहतका कार्यालयहरुले प्रगति राम्रो गरेका छन् र चालु आ.व.को शुरुवाति दिनमा समितिका रुपमा रहेका हालका घरेलु तथा साना उद्योग कार्यालय प्रदेश सरकारको मातहतमा ल्याउन केहि समय लागेको। कार्यीविधि निर्माणका समयमा खर्चिनु परेता  पनि हाल सवै कार्यहरु अगाडी बढिसकेका छन। मेडपा कार्यक्रम वन संरक्षण तथा व्यवस्थापन कार्यक्रम, भु तथा जलाधार व्यवस्थापन कार्यक्रम, पदमार्ग निर्माण लगायतका

मुख्य कार्यहरु जारी छन। मन्त्रालयको पुँजिगत बजेटको करिव दुई तिहाइ काम होमस्टे र चौवालिस वटा पर्यटन गन्तव्य पुर्वाधार निर्माणमा रहेकोमा होम स्टेको कार्यक्रम छनौटका लागि प्रस्ताव आवहान भैसकेको छ। यहि २० गते सम्म त्यसको म्याद छ। चौवालिस वटा गन्तव्यको पनि छनौटको अन्तिम अवस्थामा आएको छ। माननीय सदस्यहरुवाट सिफारिस भएको छ अव मन्त्रिपरिषदबाट हामीले निर्णय गरेर अख्तियारी पठाउन बाँकी छ। अवस्थामा रहेको हुँदा उच्च गुणस्तरका साथ समयमा नै कार्य सकिनेमा हामी विश्वस्त छौं। तसर्थ समयमा नै गुणस्तरिय काम भै वजेट पुर्णरुपमा कार्यान्वयन हुनेमा म माननीय सदस्यहरुलाइ बिश्वास दिलाउन चाहान्छु। हाम्रो एकतिस वटा अघिल्लो वर्ष हामीसँग संरचनाहरु थिएन अहिले सबै संरचनाहरु छन। हामीले यहि माननीय सदस्यहरुले टेवुलेसन गरेको बजेट पास गरेको बजेट कार्यान्वयन गर्ने हो। हामीसँग यो होमस्टेको र पर्यटकिय गन्तव्यको बाहेक मन्त्रालयमा कुनै त्यस्तो बाडने पैसा छैन त्यो तपाइहरुले नै यो बार्षिक बजेटमा जे दिनु भएको छ। त्यो पैसा अहिले हामी पुर्णरुपमा कार्यान्वयन गर्न सफल हुन्छौं। हाम्रो मन्त्रालयको कामबाट म उत्साहित नै छु। यसमा माननीय सदस्यहरुले जुन कुरा उठाउनु भएको छ। सरसर्ती हेर्दा खेरि अहिले बजेट नभएको जस्तो देखिने समय वितिसकेको छ महिना गएको देखिने तर यो सवै कार्यविधिले गर्दा यो ठुलो रकम कुनै पनि नहुने र यसलाइ बाँडेर एकतिस वटा अफिसले गर्दा खेरि समयमा नै कार्य सम्पादन हुने कुरामा म विश्वास दिलाउन चाहान्छु। हवस त धन्यबाद।

**माननीय सभामुख**-माननीय सदस्यहरु, अव म विपक्षी दलका नेता माननीय कृष्णचन्द्र नेपाली पोखरेलले सभामा वोल्न विशेष समय माग गर्नु भएकोले वोल्न अनुमति दिन्छु।

**माननीय श्री कृष्णचन्द्र नेपाली पोखरेल**-सभामुख महोदय, संघीय लोकतान्त्रीक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यम द्वारा दिगो शान्ति, सुशासन, विकास तथा सम्बृद्धिको लागी नेपाली जनताको आकाँक्ष पुरा गर्न आज हामी लागेका छौं। गण्डकी प्रदेश

सभाका हामी  माननीय सदस्यहरु माथि प्रदेश सभाको गरिमा र मर्यादालाई कायम राख्दै विधि निर्माण गर्ने र सरकारलाई सचेत गराँउदै विधिको शासन कायम गराउने अहम दायित्व हामी प्रदेश सभा सदस्यमा रहेको कुरामा दुई मत हुन सक्दैन। सभामुख महोदय, गत माघ १२ गतेको प्रदेश सभाको बैठकमा माननीय राजीव गुरुङ प्रहरी हिरासतमा रहेको कुरा माननीय सभामुख ज्यूले जानकारी गराउनु भयो।  ततपश्चात वोल्ने क्रम शुरु भयो र प्रदेश सभालाइ जानकारी गराइसकेपछि वोल्ने क्रममा कास्की जिल्लाकै माननीय विन्दु कुमार थापाले घट्ना क्रम उल्लेख गर्दै प्रदेश सभाको गरिमा र मर्यादा कसरी कायम गर्ने भन्ने चिन्तन गर्नु भयो। सभामुख महोदय, सदनमा प्रस्तुत हुने आ-आफ्नो शैली हुन्छ। सभामुख महोदय,यो शैली आफ्नो हुन्छ र मलाई याद छ राम्रैसँग त्यो दिन उहाँले घटनालाई उल्लेख गर्ने क्रममा माननीय राजीव गुरुङ संलग्न रहेको पार्टीको आचार संहितालाइ उल्लेख गर्दै त्यहाँ नलेखिएको हुँदा घटेको हो कि भन्ने एउटा प्रश्न गर्नु भएको थियो। सभामुख महोदय सभाको गरिमा हामी यो सम्मानीत सभामा आईसकेपछि हाम्रा प्रस्तुतीकरण हाम्रा शैली बढा सम्मानीत हुनु पर्छ। र यसलाइ विनोदप्रिय पनि बनाउनु पर्छ। र कहिले काँही व्यङ्गात्मक पनि जान्छ। यो एउटा संसदीय अभ्यासको कुरो हो। तर यहाँ दुख लाग्दो कुरो के छ भने यही कुरोलाइ लिएर संचार माध्यमहरुमा एक प्रकारको  धम्की जस्तो भाषा प्रयोग गरेर संचार माध्यममा आयो भन्ने सुन्नमा आएको छ। म यो किन उल्लेख गरेको छु भने नेपालको संविधानले र हाम्रो प्रदेश सभा नियमावलीले हामीलाइ जुन कुराहरु बन्देज गरेको छ। त्यो बाहेक सम्पुर्ण कुराहरुमा माननीय सदस्य ज्यूहरुले राख्न सक्नुहुन्छ। र यहाँ बोलेको कुराले यो सम्मानीत सदनमा बोलेको कुरालाई कसैले पनि बाहिर प्रश्न उठाउन पनि सक्दैन उसले कानुनी कार्वाही पनि गर्न सक्दैन त्यो उन्मुक्ति हामी सित छ। यदि यो भएन भने हामी यहाँ आएर हाम्रा कुराहरु व्यक्त गर्न सकेनौं । हामी एउटा दब्न पर्ने अवस्था रहयो भने यो गरिमामय प्रदेश सभाको यो हैसियत यो गरिमा कसरी बचाउन सकिन्छ, यो चिन्ताको विषय छ। म सभामुख ज्यू मार्फत सम्पूर्ण सभा माननीय ज्यूहरु समक्ष हामी सवैले कमसेकम त्यो मर्यादालाइ कायम गर्ने प्रयत्न गरौं भन्ने अनुरोध गर्न चाहान्छु, सभामुख महोदय। सभामुख महोदय, एकात्मक शासन प्रणालीको

समयमा र वर्तमानमा पनि त्यो समाप्त भईसकेपछि पनि नेपाल सरकारले मापदण्ड नियम विपरित स्वेच्छचारी तरिकाले मन्त्रिपरिषदमा ठाडो प्रस्ताव लगेर आफ्नो नजिकका व्यक्ति र संस्थाहरुलाई चन्दा, पुरष्कार, आर्थिक सहयोगको नाममा ठुलो रकम बाँडेको भनेर सर्वत्र आलोचना र निन्दा भएको यथार्थता हो। गण्डकी प्रदेशको सरकार हाम्रो यो प्रदेशको पहिलो सरकार भएको कारणले ऐतिहाँसिक छ। त्यस कारणले थिति वसाल्ने सकरात्मक बाटो अवलम्वन गरि भविष्यका सरकारहरुका लागि अनुकरणीय मार्ग र नजिर गन्तव्य तय गर्ने दायित्व अहिलेको गण्डकी प्रदेश सरकारको छ। सभामुख महोदय, तर भर्खरै पत्राकार महासंघको पोखरामा सम्पन्न विधान संशोधन भेलालाई गण्डकी प्रदेश सरकारले पर्यटन पर्वद्धन भ्रमण वर्षको प्रारम्भको नाममा क्याविनेटबाट ठाडो प्रस्तावलाई ठुलो रकम सहयोग गर्यो। सभामुख महोदय, अहिले प्रदेशका जनताले शुद्ध पानि पिउन नपाएको अवस्था छ। अस्पतालमा आवश्यक उपकरणहरु र औषधिहरु नभएको अवस्था छ। अन्य अति आवश्यक कार्यहरुमा बजेट उपलव्ध नगराइएका कारण जनताको समस्या असम्वन्धित भैराख्दाको अवस्थामा वजेट बाहिरवाट एउटा संस्थाको कार्यक्रमलाइ दिइएको गरिएको ठुलो सहयोग यो के स्वेच्छचारीता र नितीगत भ्रष्टाचार हो भन्न सकिन्छ। सभामुख महोदय, अहिले सम्म हामीले केन्द्रीय सरकारका नितीगत भ्रष्टाचारका कुराहरु गरेका थियौं। यहाँ हाम्रो प्रदेश सरकार काम गर्दै थियो। आज मात्रै मिडियामा आएको छ। केन्द्रिय सरकारले यति होल्डिङसलाई पाथिभराको साढे तिन चारसय रोपनी पनि दियो भन्ने आइरहेको छ। कमसेकम त्यो चिजबाट यो प्रदेश सरकार मुक्त होस भन्ने हाम्रो चाहाना हो तर यो घट्नाले त्यो देखाएन सार्वजनिक लेखा समितिले यसलाइ आफ्नो संज्ञानमा नलेजमा लिएर छलफल गरेको पनि रेकर्ड छ। र प्रदेश सरकारलाइ आर्थिक सहायता, पुरष्कार, चन्दा, उपचार खर्च आदि दिदा मापदण्ड र कार्यविधि बनाइ मात्र गर्नु भन्ने निर्देशन दिएको तथ्य पनि म स्मरण गराउन चाहान्छु। यी सवैका बावजुत पनि प्रदेश सरकारले आर्थिक अनुशासनलाई उल्लंङघन गर्दै समितिको र सदनको समेत अवज्ञा गर्दै मुख्यमन्त्री कप फुटवल प्रतियोगिताका लागि फेरि चालिस लाख रुपैया दिने निर्णय गरेको छ भन्ने सुन्नमा आएको छ। यो अत्यन्तै आपत्तिजनक र

गैरबजेटरी भएकोले नितीगत भ्रष्टाचार, अख्तियारको दुरुपयोग हुनुको साथसाथै आर्थिक कुशासनको मार्गमा प्रदेशलाई लैजाने यो निर्णयको हाम्रो पार्टी घोर भत्सर्ना  र निन्दा गर्दछ र यो यस्ता कार्यक्रमलाइ तत्काल रोक्न सभामुख मार्फत सरकारलाई हामी सचेत गराउन चाहान्छौं। सभामुख महोदय, प्रदेश सरकारले सदनमा पेश गरेको आ.व.०७६/७७ को विनियोजित बिधेयकमा गम्भीर त्रुटि रहेको छ। कानुनी,राजनैतिक र आर्थिक नियम उल्लंघन भएको भनेर हामीले प्रश्न उठाएपछि सरकारले विनियोजन विधेयक सच्चाउने प्रयत्न गर्यो। भौतिक पुर्वाधार बाहेक अन्य मन्त्रालयले गत बर्षको जस्तै कार्यक्रम र वजेट उल्लेख गरेर नियमअनुसार विनियोजन नगरि बास्केटमै बनाएर ल्यायो। हाम्रो बिरोध पश्चात माननीय मुख्यमन्त्रीजीले सम्वन्धित मन्त्रालयको बास्केटलाइ विनियोजित गर्दा प्रतिपक्ष दलसँग समन्वय, सहमति र सहभागितामा गरिने प्रतिबद्घता व्यक्त गर्नुभयो। तर छ महिना व्यतित भईसक्दा पनि हामीसित समन्वय गर्ने सहभागि गराउने त परै जाओस जानकारी सम्म आएको छैन सभामुख महोदय। नियमअनुसार विनियोजित नभएका कार्यक्रमहरुलाई व्यवस्थित बिनियोजित गर्दा प्रतिपक्ष दललाई सहभागि, सहमति नगराई अगाडि वढाइएमा हाम्रो आपत्ति रहनेछ र यसको शसक्त बिरोध गर्न हामी बाध्य हुनेछौं। सभामुख महोदय, माननीय मन्त्रीज्यूहरु सहभागि हुनु भएका कार्यक्रमहरुमा विभिन्न कार्यक्रमको घोषणा गर्ने रकम दिने प्रतिवद्धता जनाउने आदि कुराहरु जस्तो पहिला पहिला राजाका पालामा सवारीमा जाँदा खेरि घोषणा गरेर पैसा दिदै गरिन्थ्यो। सभामुख महोदय, त्यहि स्टाईल शैली अपनाउने र मन्त्रालयमा निवेदन बोकेर आउनेलाई विभिन्न योजना कार्यक्रम बाँढिरहनु भएको छ भन्ने जानकारीमा आएको छ। यो बार्षिक कार्यक्रम भित्र भए ठिक छ कुनै आपत्ती छैन। माननीय मन्त्रीजीहरुले व्यक्तिगत सम्पत्तिबाट दिनु भएको हो भने नेपाली काँग्रेस त्यस्ता मन्त्रीज्यूहरु प्रति सम्मान ब्यक्त गर्दछु। आगामी दिनमा अभिनन्दन कार्यक्रम पनि गर्नेछ। यदि त्यस्तो नभएर राज्यको ढुकुटीलाई व्यक्तिगत सम्पत्ती ठानेर बाँडिएको जस्तो गरेर योजना र रकम बाँडिएको हो जनताको रगत पसिनाबाट प्राप्त करको दुरुपयोग गरिएको हो भने यो गैरकानुनी छ आपत्तिजनक छ। संसदले समिति बनाएर हुन्छ वा सार्वजनिक लेखा समितिले नै छानविन

गरेर हुन्छ। सत्य तथ्य सदन र जनतालाई बताउन माग गर्दछु। नियम विपरित यदि बाडिएको छ त्यस्तो रकमहरु सम्वन्धित मन्त्रीज्यूहरुवाटै असुल उपर गर्न समेत माग गर्दछु। मन्त्रीले वर्षभरिनै बजेट बाँड्ने प्रबृति अत्यन्तै खतरनाक छ, असंसदिय छ, यस्तो प्रवृतिलाई समयमा रोक्न नसकिए आर्थिक अराजकता बढेर जान्छ। बजेट प्रस्ताव गर्दा महत्वपुर्ण योजनाहरु छुटेका छन। आवश्यक छ भने तिनलाई यसै आ.व.मा सम्पन्न गर्नु पर्ने भएपनि संविधानको धारा २०९र प्रदेश सभा नियमावलीको नियम १३१ अनुसार पुरक बजेट ल्याएर कार्यान्वयन गर्ने प्राव्धानलाई प्रयोग गर्न सकिन्छ। सभामुख महोदय, हालै मात्रै कर्मचारी समायोजनको नाममा कर्मचारीको समायोजन, सरुवा,पदस्थापना गर्दा गण्डकी प्रदेश सरकारले अत्यन्तै निर्लज्ज तरिकाले आस्थाका आधारमा कर्मचारी माथि भेदभाव गर्यो। संसदमा कुरा उठाइयो। मुख्यमन्त्रीजीले त्यस्तो नगर्ने प्रतिवद्घता रोष्टममा उभिएर गर्नु भयो। अहिले फेरि आएर सामाजिक विकास मन्त्रालयले स्वास्थ्यका केही कर्मचारीहरुलाई आस्थाका आधारमा नियम मिचेर दण्डित गर्न सरुवा गर्न लाएको प्रति हाम्रो दलको गम्भीर ध्यानाकर्षण भएको छ। यस्तो अमानविय गैरकानुनी कार्य तत्काल रोक्न मुख्यमन्त्री ज्यूलाई हस्तक्षेप गर्न आग्रह गर्दछु। सभामुख महोदय, आषाढमा पास भएको कतिपय बजेटको कार्यक्रमको अख्तियारी पौष मसान्त सम्म पनि सम्बन्धित कार्यालयमा गएको छैन। काम गर्दा गर्दै ईच्छा हुँदा हुँदै जटिल प्रक्रियाका कारण बजेट खर्च हुन नसक्दा त बेनिफिट अफ डाउट संदेहको लाभ दिन सकिएला तर बजेट पास भएको छ महिनासम्म अख्तियारी नदिनु अकर्मण्यता, लापरबाहि र गैरजिम्मेवारी पनको पराकाष्ट हो भन्ने लाग्दछ। यस्तो कार्यशैलीले गण्डकी प्रदेशलाई सर्वोत्तम प्रदेश बनाउने प्रदेशलाई सम्बृद्ध, जनतालाई सुखि वनाउने लक्ष्य दिवा सपना मात्र होइन । जनताको आशा, अपेक्षा र विश्वास माथि ठुलो धोका हुनेछ। नेपाली काँग्रेस यही माघ मसान्त भित्र संसदले पास गरेको सम्पूर्ण कार्यक्रमहरुलाइ फिल्डमा कार्यक्रम कार्यान्वयन हुने गरि अगाडी बढाउन सरकारलाई सचेत गराँउदछु। सभामुख महोदय, निर्वाचन क्षेत्र पुर्वाधार विकास कार्यक्रमको लागि सरकारले बनाएको कार्यविधि अनुसार सम्वन्धित निर्वाचन क्षेत्रका सम्पूर्ण प्रदेश सभा सदस्यहरुको सर्वसम्मतीमा कार्यक्रम छनौट गर्ने बाध्यकारी व्यवस्था

गर्यो। यस आ.ब.मा नेपाली काँग्रेस,राजमो,नयाँ शक्तिका सम्पूर्ण प्रत्यक्ष निर्वाचित प्रदेश सभा सदस्य र नेकपाबाट निर्वाचित सत्र जना प्रत्यक्ष निर्वाचित प्रदेश सभा सदस्यले अध्यक्षता गर्नु भएको कुल बत्तिस निर्वाचन क्षेत्रमा कार्यबिधि अनुसार सर्वसम्मत तरिकाले निर्णय भयो। तर दुर्भाग्यवस चारवटा निर्वाचन क्षेत्रमा सहमति कायम हुन सकेन र नियमअनुसार निर्णय गर्न मुख्यमन्त्री समक्ष पुगेको छ। र माननीय मुख्यमन्त्री ज्यू सभामुख मार्फत माननीय मुख्यमन्त्री ज्यूलाई यो समस्यालाई कार्यबिधिमा भएको व्यवस्था अनुसार समानताका आधारमा तत्काल टुंङ्गाएर समयमा नै कार्य गर्ने गरि अगाडी बढाउन माग गर्दछु। धन्यवाद ।

**माननीय सभामुख**-माननीय सदस्यहरु, अव म माननीय सामाजिक विकास मन्त्री श्री नरदेवी पुन मगरलाई गण्डकी प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम प्रतिष्ठानको स्थापना संचालन गर्न वनेको बिधेयक सम्मानीत सभा समक्ष प्रस्तुत गर्न अनुमति दिन्छु।

**माननीय सामाजिक विकास मन्त्री श्री नरदेवी पुन मगर**-माननीय सभामुख महोदय,माननीय सभामुख महोदयको अनुमतिले गण्डकी प्रदेशमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको स्तर निर्धारण र प्राथामिकीकरण गर्ने तथा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको व्यवस्था गरि बजार माग अनुसारको मानव संसाधनको विकास गर्न गण्डकी प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम प्रतिष्ठानको स्थापना तथा संचालन गर्न वांछनिय देखिएको हुँदा प्रस्तुत गण्डकी प्राविधिक शिक्षा तथा व्यवसायिक शिक्षा तालिम केन्द्रको स्थापना र संचालन गर्न वनेको बिधेयक नेपालको संविधानको धारा १९८ को उपधारा १ तथा गण्डकी प्रदेश प्रदेश सभा नियमावली २०७४ को नियम १०६ बमोजिम सम्मानीत सभा समक्ष प्रस्तुत गर्दछु ।धन्यवाद ।

**माननीय सभामुख**-माननीय सदस्यहरु, अव यो बैठक २०७६ साल माघ २३ गते दिनको १.०० बजे सम्मको लागि स्थगित हुन्छ।